# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal/Anamnagar, Kathmandu, Nepal

व्यवस्थापन निर्देशनालय
(Management Directorate)

पत्र संख्याः २०८०।८१ मितिः २०८०।६।७
चलानी नं: २०२

श्री विभाग/महानिर्देशनालय/निर्देशनालय, सबै,
महालेखापरीक्षकको कार्यालय, अनामनगर।

**विषयः निर्णय कार्यान्वयन सम्बन्धमा**

मिति २०८०।६।७ मा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूको कार्यकक्षमा भएको कार्यालयको आश्विन महिनाको नियमित बैठकबाट भएका देहायबमोजिमका निर्णयहरू कार्यान्वयनका लागि प्रेषित गरिएको व्यहोरा निर्देशनानुसार अनुरोध छ।

**निर्णय**

१. लेखापरीक्षण सेवा सञ्चालन नियमावली, २०७७ मा आवश्यक संशोधन प्रस्ताव तयार गरी सबै कर्मचारीबीच सञ्चार गर्ने, प्राप्त पृष्ठपोषण समेत लिई आवश्यक परिमार्जन गरी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा प्रेषित गर्ने, यस कार्यको संयोजन नायब महालेखापरीक्षक श्री बैकुण्ठबहादुर अधिकारीले गर्ने,

२. लेखापरीक्षण कार्यविधि नियमावली, २०८० तर्जुमा गर्न प्रस्तावित मस्यौदामा आवश्यक परिमार्जन गर्ने, लेखापरीक्षण व्यवस्थापन, प्रक्रिया, विधि, प्रमाण सङ्कलन, विश्लेषण, राय तथा निष्कर्ष एवं प्रतिवेदन तयार गर्ने र सम्परीक्षण लगायत विषयमा संशोधन वा थप विषयहरू समावेश गरी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा प्रेषित गर्ने, यस कार्यको संयोजन नायब महालेखापरीक्षक श्री चन्द्र कान्त भण्डारीले गर्ने,

३. २०८० भाद्र-आश्विनमा खटिएका लेखापरीक्षण टोलीहरूको कम्तीमा एक कार्यालय छनौट गरी लेखापरीक्षण प्रतिवेदन जारी पूर्वको गुणस्तर नियन्त्रण आश्वस्तता पुनरावलोकन गरी प्रतिवेदन तयार गर्ने, यस कार्यको संयोजन नायब महालेखापरीक्षक श्री शंकरप्रसाद पन्थीले गर्ने,

४. प्रदेश कार्यालय खोल्ने सम्बन्धमा यस अघि भएका कार्यहरू एवं पूर्वाधार व्यवस्थापन, स्रोत साधन र सोका लागि लाग्ने अनुमानित रकम सहित प्रदेशमा खटिंदा दिन सकिने थप सुविधा समेतको प्रस्ताव तयार गरी अर्थ मन्त्रालयमा अनुरोध गर्ने, यस कार्यको संयोजन उप-महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले गर्ने,

५. आन्तरिक कार्य व्यवस्थापन अन्तर्गत जिन्सी लगत, स्थान लेआउट, बेरुजू लगत, वेभसाइट अद्यावधिक, डिस्प्ले बोर्ड, लेखापरीक्षण डोरका व्यवस्थापकीय पक्ष लगायत कार्यमा आवश्यक समन्वय, सहयोग, सहकार्य गर्ने व्यवस्था व्यवस्थापन निर्देशनालयले मिलाउने,

६. लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनका नयाँ ढाँचाअनुसार प्रतिवेदन तयारी सम्बन्धमा कुनै सुझाव, परिमार्जन वा स्पष्टता आवश्यक भएमा NAMS Unit मा जानकारी गराउने र स्वीकृत गर्ने।

६/१४

(सुभाष भट्ट)
लेखापरीक्षण अधिकारी

Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"